## निर्धन उत्थान लघुवित्त वित्तीय संस्थाले दाङ जिल्लाको गढवामा

# ग्राहक सदस्यहरुको लागि उद्यमशीलता विकास तालिम सम्पन्न




बैंकिङ्ग खबर । काठमाण्डौं नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले आफ्ना ग्राहक सदस्यहरुको सहभागितामा २०७५ मंसिर ११ गतेदेखि १३ गतेसम्म दाङ जिल्लाको गढवामा "उद्यमशीलता विकास तालिम"सम्पन्न गरेको छ । उक्त तालिम गढवा शाखाका २२ जना ग्राहक सदस्यहरुको सहभागितामा उद्यमशीलता विकास तालिम सम्पन्न गरेको संस्थाका गढवा शाखा कार्यालयका शाखा प्रमुख नन्द किशोर रामले जानकारी गराएका थिए । यस तालिममा प्रशिक्षकहरुमा संस्थाको क्षेत्रीय कार्यालय कोहलपुरका कार्यक्रम अधिकृतद्धय जिताराम गौतम र प्रेम प्रसाद सुवेदी रहेका थिए ।

सहभागीहरु मध्येबाट राम प्रकाश यादव, बसन्ती चौधरी, मधा न्यौपाने र कैलाश चौधरीले संस्थाले ग्राहक सदस्यहरुलाई लक्षित गरी संचालन गरेको यस तालिम लघुवित्त क्षेत्रमा उदाहरणीय र अनुकरणीय रहेको साथै आफ्नो ब्यवसायमा तालिमबाट सिकेका सीपहरुको पूर्ण सदुपयोग गर्ने प्रतिवद्धता जनाएका थिए । समापन सत्रको मन्तब्य केन्द्र परिचालक कर्मचारी उषा डाँगीले मन्तब्य दिएकी थिईन् । यस कार्यक्रमका प्रमुख अतिथी तथा गढवा गाउँपालिकाका उपाध्यक्ष शान्ति चौधरीले गरिब, विपन्न तथा महिला दिदी बहिनीहरुको हितमा संचालित यस उद्यमशीलता विकास तालिम निकै महत्वपूर्ण भएको भन्दै आफ्नो तथा गाउँपालिकाको तर्फबाट धन्यवाद दिएकी थिईन् । साथै गाउँपालिकाको तर्फबाट संस्थालाई हुन सक्ने आवश्यक सहयोग, समर्थनमा आफ्नो प्रतिवद्धता जनाउँदै सहकार्य गरेर अघि बढ्न सुझाव पनि दिएकी थिईन् ।

अन्त्यमा कार्यक्रममा सहभागी ग्राहक सदस्य, अभिभावक, प्रशिक्षक, कर्मचारीहरुलाई धन्यवाद दिँदै ग्राहक सदस्यहरुलाई व्यवसायिक बन्न अनुरोध गर्दै कार्यक्रमका सभापति तथा शाखा कार्यालय गढवाका शाखा प्रमुख नन्द किशोर रामले कार्यक्रम समापन भएको घोषणा गरेका थिए।

यो निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड ७ वटै प्रदेशका देशको ७७ वटै जिल्लाहरुको शाखा संञ्जाल रहेको नेपालको एक मात्र सबैभन्दा ठूलो लघुवित्त संस्था हो। संस्थाले १८१ वटा शाखाहरु, १० वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १९२ वटा कार्यालयहरुको स्थापना गरी संस्थाले लघुवित्त सेवा पुऱ्याइ रहेको छ। संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका विपन्न परिवारका महिलाहरुलाई समूहमा आवद्ध गराइ बिना धितो लगानी गर्नुका साथै सीपमूलक तालिम, उद्यमशीलता विकास तालिम, सचेतनामूलक कार्यक्रमहरु संचालन गर्दै आर्थिक, सामाजिक, वौद्धिक विकास गर्दै आइ रहेको छ। यस संस्थाले देशको कुना कुनामा शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीप विकास तालिम, उद्यमशीलता विकास तालिम, वित्तीय साक्षरता विकास तालिम, ब्यवसाय विकास तालिम कार्यक्रम प्रदान गर्दै आइ रहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आइरहेको छ।